घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्या:

आज मिति २०७९ साल साउन ०९ गते सोमबारका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भ्लोन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईवा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री निम बहादुर थामी | सदस्य | |
| ११ | श्री साल माया लो | सदस्य | |
| १२ | श्री रमा कुमार च्याङ्मी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री राजेन्द्र कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

# घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठकको
### प्रस्ताव तथा निर्णयहरु
### मिति २०७९ साल साउन ०९ गते सोमबार
### बैठकका प्रस्तावहरु

१। अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा ।

२। तह वृद्धि गर्ने सम्वन्धमा ।

३। स्तरवृद्धि गर्ने सम्वन्धमा ।

४। खरिद सम्झौता अन्त्य गरी बैक जमानत जफत गर्ने सम्वन्धमा ।

५। भुमिहिन अव्यवस्थितका लागि सेवा केन्द्र स्थापना, वडा समिति गठन र फोकल पर्सन तोक्ने सम्वन्धमा

६। चालु आ.व.को योजनाहरु संचालन गर्ने सम्वन्धमा ।

७। विभिन्न प्रशासनिक निर्णयहरु गर्ने सम्वन्धमा ।

८। विविध सम्वन्धमा ।

## निर्णयहरु :

**निर्णय नं. १ :**

निर्णय नं. १ माथि छलफल गर्दा यस अघि गाँउपालिकाबाट भए गरेका निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं. २ :**

निर्णय नं. २ माथि छलफल गर्दा स्थानीय तहको गठन तथा संचालन सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ को दफा ९(२) बमोजिम तह वृद्धिका लागी तोकिएको योग्यता र अवधि पुगेका तपसिल बमोजिमका सहायक चौथो कर्मचारीहरुलाई सम्वन्धित सेवा समूहको मिल्दो पदको सहायक पाचौ तहको पदमा तह वृद्धि गर्ने,

क) प्रशासन सहायक चौथो ज्ञानलाल भोलन   ख) प्रशासन सहायक चौथा धन बहादुर बल

ग) अ.सव. ई. सहायक चौथो शम्भु वहादुर योन्जन

**निर्णय नं. ३ :**

निर्णय नं. ३ माथि छलफल गर्दा मिति २०७८।१२।२४ गते जारी "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८" को दफा ६(१) बमोजिम सङ्घीय लोक सेवा आयोगको खुल्ला प्रतियोगिताबाट

स्थानीय तहको अधिकृत छैठौं तहका यस गाउँपालिकामा पदाधिकार रहेका र हाल क्रमशः महाङ्गाल गाउँपालिका, ललितपुर र भरतपुर महानगरपालिका, चितवनमा कामकाजका लागि खटिएका तपशिल कर्मचारिहरुलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेटौडाको च.नं. १० मिति २०७९।०४।०२ गतेको पत्रबाट पदाधिकार रहेको कार्यालयबाटै स्तरबृद्धि गर्ने भनि लेखि आएकोले प्रचलित कानूनले तोकेको मितिवाट जेष्ठता कायम हुनेगरी अधिकृत सातौं तह कायम गर्ने निर्णय गरियो ।

**तपसिल:**

१) गिरीराज खनाल, प्रशासन सेवा, सामान्य प्रशासन समूह, क.सं.नं.,२३६७३८

२) दिपेश न्यौपाने, इन्जिनियरिङ सेवा, सिभिल समूह, क.सं.नं.२३५६६९

**निर्णय नं. ४ :**

छलफलको विषय नं. ४ माथि छलफल हुदा GHRM/sindhuli/works/NCB/05/077/78 बाट वडा नं. ५ को वडा कार्यालय भवन र GHRM/sindhuli/works/NCB/02/0/077/78 बाट खट्टार देखि अमले हुदै फापरचुलीसम्म. सडक निर्माण गर्ने शुभश्री निर्माण सेवासंगको निर्माण खरिद सम्झौता सार्वजनिक खरिद ऐन, २०६३ को दफ ५९(७) बमोजिम अन्त्य गरी बैक जमानत जफत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

निर्णय नं. ५ माथि छलफल गर्दा भुमिहिन अव्यवस्थित कार्यकालागि यस गाउँपालिकाको कार्यालयमा सेवा केन्द्र स्थापना गर्ने, वडा स्तरमा वडा अध्यक्षको सयोजकत्वमा सहजिकरण समिति गठन गर्ने र भुमि व्यवस्थापन शाखाको प्रमुखलाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

निर्णय नं. ६ माथि छलफल गर्दा चालु आ.व.को योजनाहरु संचालन गर्न वार्षिक समिक्षा बैठक मिति २०७९।०९।१२ र १३ गते वस्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

निर्णय नं. ७ माथि छलफल गर्दा यस गाँउपालिका भित्र करार, ज्यालादारीमा कार्यरत कर्मचारीको कार्य सम्पादन मूल्याकंनमा असि प्रतिशत भन्दा वढि अकं ल्याएका र म्याद थपका लागी निवेदन दिएकाहरुको तपसिल वमोजिमको शर्तनामा मान्न ईच्छुकहरुको कर्मचारीको म्याद २०७९ पौष मसान्तसम्म थप गर्ने, साथै रिक्त रहेका पदहरु नियमानुसार प्रदेश लोक सेवा आयोगमा माग फारम भरी पठाउने, ज्यालादारीमा नियूक्त भएका पदहरुलाई ६ महिना भित्र नियमानुसार सूचना प्रकाशन गरी प्रतिस्प्रधात्मक आधारमा करार नियूक्त गर्ने प्रकृया अघि बढाउने निर्णय गरीयो ।

**तपसिल**

१) समयमा कार्यालय उपस्थित हुने नगरेको, कर्मचारी पोशाक लगाउने नगरेको ।

२) विना जानकारी विदामा वस्ने गरेको, नियमित रुपमा कार्यालयमा उपस्थित नभएको ।

३) कार्यालयको सूचना अनधिकृत रुपमा वाहिर दिने गरेको, गोपनियता भंग गर्ने गरेको ।

४) माथिल्ला तहका पदाधिकारीले दिएको आज्ञा पालन नगरेको ।

५) आफुभन्दा माथिल्ला/तल्ला तहका कर्मचारीसँग अनुपयुक्त व्यवहार गर्ने गरेको ।

६) कार्यालयको कामलाई प्राथमिकता प्रदान नगरेको, दिईएको काम समयमै सम्पन्न नगरेको ।

७) कुनै राजनितिक दलको सदस्यता लिएको, निवाचनमा भाग लिएको, चुनाव प्रचारप्रसारमा संलग्न रहेको ।

८) कार्यविवरण अनुसार कार्यसम्पादन मुल्याङ्कनमा न्युनतम अङ्क हासिल नगरेको ।

९) कार्यरत पदको औचित्यता र आवश्यकता नदेखिएको ।

(उक्तानुसार पदको आचरण पालना नगरेमा तत्कालै करारनामा अन्त्य गरिनेछ ।)

**निर्णय नं. ८ : विविध सम्बन्धमा छलफल गर्दा :-**

क) घ्याङलेख गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी तपसिल बमोजिमको कार्यविधि पास गर्ने निर्णय गरियो ।

**तपसिल**

१) कृषि विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७९

२) घ्याङलेख गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९

शंकर म.न घलान
उपाध्यक्ष

राम बहादुर भोलन
अध्यक्ष

राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत